नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)**

**सिंहदरबार, काठमाडौं**


फोन नं. ०१-४२११११

फ्याक्स नं. ०१-४२००३७५


प. सं.:- (क.प्र.)२.१.१३ /०८०/८१ मिति २०८०।०४।१४

च .नं ४६

विषय :- सेवाकालीन तालिममा निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (शैक्षिक व्यवस्थापन तालिम शाखा) को च.नं. ०७ मिति २०८०।०४।१० को पत्रबाट उक्त केन्द्रको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक कार्यक्रम अनुसार दोस्रो र तेस्रो त्रैमासिक अवधिमा नेपाल शिक्षा सेवाका राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका अधिकृतको सेवाकालीन शैक्षिक प्रशासन तालिम १/१ समूह सञ्चालन हुने भएको हुँदा यस मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत तालिम लिन बाँकी जेष्ठ कर्मचारीहरुबाट सहभागीको मनोनयन गरी पठाईदिनु हुन भनी लेखी आएको हुँदा सेवाकालीन तालिम लिन बाँकी रहेका इच्छुक राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका अधिकृत कर्मचारीहरुले मिति २०८० श्रावण मसान्त सम्ममा यस मन्त्रालयको कर्मचारी प्रशासन तथा सुशासन प्रबर्द्धन शाखामा तपसिलको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।निवेदन ईमेल ठेगाना administration.sec@moest.gov.np मा पनि पठाउन सकिने व्यहोरा समेत अनुरोध छ ।

तपसिल

१.हालको पदमा नियुक्ति मिति

२.अघिल्लो पदमा नियुक्ति मिति

३.कर्मचारी संकेत नं.

४.प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको हकमा सम्बन्धित कार्यालयबाट तालिममा सहभागी हुन लेखिएको सहमति पत्र

५. सम्पर्क नं.

(बलदेव भण्डारी)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ

श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखाः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार,
: वेवसाइटमा अपलोड गर्नु हुन ।